# भागेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

## भाग-२

**राजपत्रमा प्रकाशित मिति : २०८२।०८।०९**

**प्रमाणिकरण मिति : २०८२।०८।०५**

## भागेश्वर गाउँपालिकाको बाल कोष संचालन तथा ब्यबस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः** नेपालको संविधान २०७२ ले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि लोकतान्त्रीक गणतन्त्र र संघिय संरचनाको व्यवहारिक कार्यान्वयनको मर्मलाई आत्मसाथ गर्दै संविधानको मौलिक हक अन्तर्गत उल्लेखित बाल अधिकारका व्यवस्थाहरु तथा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्वमा उल्लेखित बालबालिकाको सर्वोत्तम हितलाई कार्यान्वयनमा ल्याउन बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६३ को व्यवहारीक कार्यान्वयनका लागि संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकार तथा अनुसूची ९ मा उल्लेखित साझा अधिकारको सूचीका आधारमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी भागेश्वर गाउँपालिका भित्रका आपतकालिन एबम जोखिममा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत बितरण र पारिवारिक पुनर्स्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धनका लागि गाउँ कार्यपालिकाको वैठकवाट यो बालकोष संचालन कार्यविधि पारित गरेको छ ।

### परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "बाल कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०८२" रहेको छ ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्विकृत गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि निम्न परिभाषाहरु कायम गरिएको छ ।

क) कार्यविधिः भन्नाले भागेश्वर गाउँपालिकाको बाल कोष संचालन तथा ब्यबस्थापन कार्यविधि, २०८२ लाई सम्झनुपर्छ ।

ख) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ लाई सम्झनुपर्दछ ।

ग) "संविधान" भन्नाले नेपालको संविधान, २०७२ र यसका ब्यबस्थाहरु सम्झनु पर्दछ ।

घ) "कोष" भन्नाले बाल अधिकार स्थापित गराउन तथा समस्या तथा दुखमा परेका बालबालिकाको हित प्रवर्द्धन गर्नको लागि गाउँपालिकाद्धारा स्थापित कोष सम्झनु पर्छ ।

ङ) "गाउँ कार्यपालिका" भन्नाले भागेश्वर गाउँपालिका गाउँकार्यपालिकालाइ सम्झनुपर्छ ।

च) "नेपाल सरकार" भन्नाले नेपालको संघीय सरकार सम्झनुपर्दछ ।

छ) "विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा उल्लेखित विशेष संरक्षणको आवश्यक्ता भएका बालबालिका सम्झनुपर्दछ ।

ज) "संचालक समिति" भन्नाले यस कार्यविधिको नियम ६ (क) मा उल्लेख गरे बमोजिम गठन भएको संचालक तथा ब्यबस्थापन समितिलाइ सम्झनु पर्दछ ।

झ) "राहत" भन्नाले पिडित ब्यक्तिलाइ तत्काल जिवन निर्बाहका लागि उपलब्ध गराएको जिन्सि वा नगद सहयोग सम्झनुपर्दछ ।

ञ) "बाल हिंसा" भन्नाले सार्बजनिक वा निजि जिवनमा विद्यालयमा, घरपरिवार तथा अन्य स्थानमा हुने दुर्ब्यबहार, सामाजिक कुरितिजन्य ब्यबहार, कसैप्रति शारिरिक मानसिक वा यौनजन्य क्रियकलापबाट हुने क्षति वा पिडा पुर्याउने कार्य सम्झनुपर्दछ र सो शब्दले लिंङ्गको अधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्किपुर्ण ब्यबहार दबाब वा स्वेच्छाचारि रुपमा कानुन प्रदत्त स्वतन्त्रताको उपभोग गर्नबाट बन्चित गर्ने कुनै कार्य समेतलाइ जनाउनेछ ।

ट) "बालबालिका" भन्नाले बालबालिका सम्बन्धि ऐन २०७५ बमोजिम १८ बर्ष ननाघेका ब्यक्तिलाइ सम्झनु पर्दछ ।

**३.कार्यविधिका लक्ष्य र उद्देश्य**

भागेश्वर गाउँपालिका भित्र वसोवास गर्ने बालबालिकाकाहरुलाई बालअधिकार स्थापित गर्ने र संरक्षण गर्नु पर्ने भनिएका बालबालिकाहरुको हक अधिकार सुनिश्चित गर्ने र संरक्षण गर्नु र वाल वचाउ, वाल संरक्षण, वाल अधिकार र वाल सहभागिता सुनिश्चित गर्न स्थापना गरिने यस कोषका देहायका लक्ष तथा उद्देश्यहरु रहेका छन ।

क) लक्ष्यः बालबालिकाका क्षेत्रमा रहेका मुख्य समस्या र चुनौति पहिचान गर्दै बालबालिकाका क्षेत्रमा गर्नु पर्ने क्रियाकलापहरुलाई सरल रुपमा प्रवाह गरि बालबालिकाको संरक्षणको अधिकार सुनिश्चित गर्नु यस कोषको लक्ष्य रहेको छ ।

ख. उद्देश्यहरु :

१) गाउँपालिकाभित्र रहेका जोखिममा रहेका र संरक्षणको आवश्यकता रहेका बालबालिकाहरुको पहिचान गरि उनिहरुका समस्या तथा चुनौतिहरु बिश्लेषण गर्ने ।

२) बालबालिकाको आवश्यकता अनुसार सहयोग गर्ने ।

३) बालबिकास र संरक्षणको अधिकार लाइ सुनिश्चित गरि सक्षम नागरिकको बिकासमा टेवा पुऱ्याउने।

४) बालकोषलाइ संचालन तथा ब्यबस्थापन गर्न सहयोग गर्ने ।

**परिच्छेद- २**

**४.कोषको स्थापना**

क) भागेश्वर गाउँपालिका भित्रका आपतकालिन एबम जोखिममा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्धार, राहत बितरण र पारिवारिक पुनर्स्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धनका लागि यस बालकोषको स्थापना गरेको छ ।

ख) कोषमा देहायबमोजिमका रकमहरु रहने छन :

१) गाउँपालिकाको बार्षिक बजेटको रुपमा गाउँ सभावाट विनियोजित हुने रकम ।

२) संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,सहायता तथा जोड (समपुरक) कोष ।

३) निजी व्यवसायी तथा व्यक्तिहरुवाट प्राप्त हुने दान दातव्य तथा सहायता रकम ।

४) विदेशी सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ,संस्था वा व्यक्तिबाट प्राप्त रकम ।

५) अक्षय कोषको रकमको व्याजवाट प्राप्त रकम ।

६) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

**५.कोषको उपयोग**:

क) बाल कोषको रकम देहायका अवस्थामा बालकोष संचालन तथा ब्यबस्थापन समितिको निर्णयवाट खर्च गर्न सकिनेछ ।

१) तत्काल उद्धार गर्न तथा औषधि उपचार गर्न ।

२) राहत प्रदान गर्न तथा पुनर्स्थापना का लागि आर्थिक सहयोग गर्न ।

३) कानुनी साहयता तथा मनोपरामर्ष प्रदान गर्न ।

४) जोखिममा रहेका बालबालिकाका लागि शैक्षिक वृत्ती एवं सामाजिक संरक्षण गर्न ।

५) बिशेष संरक्षणको अवश्यकता भएका, हिंसा पिडित बालबालिका वा सडक बालबालिका वा प्राकृतिक विपतबाट प्रभावित बालबालिका वा अभिभावक बिहिन बालबालिकाहरुको सर्बोत्तम हितका लागि सहयोग गर्न ।

६) प्रकृति हेरी संचालक समितिको निर्णयबाट सहयोगको निर्धारण गरिनेछ र एक जनाका लागि बढिमा २० हजार सम्म मात्र खर्च गर्नुपर्नेछ ।

ख) कोषको रकम दफा ५ (क) मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिनेछैन ।

**६.कोषको ब्यबस्थापन**:

**क)** कोषको संचालन, ब्यबस्थापन एबं स्रोतको खोजि गर्न देहाय बमोजिमको ५ सदस्यीय बालकोष संचालन तथा ब्यबस्थापन समिति रहनेछ ।

१) गाउँपालिका उपाध्यक्ष : संयोजक

२) प्रमुख प्रशासकिय अधिकृतः सदस्य

३) सामाजिक बिकास समिति संयोजक : सदस्य

४) आर्थिक प्रशासन प्रमुखः सदस्य

५) महिला तथा बालबालिका शाखा प्रमुख/बालकल्याण अधिकारी : सदस्य सचिव

**ख)** आवश्यकता अनुसार यस समितिमा शिक्षा,स्वास्थ्य र कानुन शाखाका कर्मचारि तथा सम्बन्धित विषयका बिज्ञ तथा सरोकारवालाहरुलाइ आमन्त्रित गर्न सकिनेछ ।

**ग)** बालकोष संचालन तथा ब्यबस्थापन समितिको सचिवालय गाउँपालिकाको महिला तथा बालबालिका शाखामा रहनेछ ।

**घ)** बालकोष संचालन तथा ब्यबस्थापन समितिको काम, कर्तब्य र अधिकारहरु देहाय बमोजिम हुनेछन।

१) पीडित तथा प्रभावित बालबालिकाको तत्काल उद्धार, पुनरस्थापन, राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने समबन्धमा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने ।

२) पीडितलाइ राहत तथा अर्थिक सहयोग उपलब्ध गराउने ।

३) अभिभावकबिहिन बालबालिका, हिंसापिडित बालबालिका, सडक बालबालिका तथा संरक्षण गर्न आवश्यकता भएका बालबालिकाको औषधि उपचार गर्न, तत्काल उद्धार गर्न, आवश्यक सहयोग उपलब्ध गराउने ।

४) कानुनी साहयता, मनोबैज्ञानिक उपचार तथा मनोबिमर्ष प्रदान गर्न आवश्यक परेमा सो को ब्यबस्था मिलाउने ।

५) स्थानीय तहमा बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संघसंस्थासंग समन्वय गर्ने ।

६) तत्काल उद्धार तथा राहत बितरणका लागि आवश्यक कार्य गर्ने ।

७) अनुगमन गर्ने गराउने तथा प्रत्येक ६ महिनामा कार्य प्रगति बिबरण पालिका स्तरिय स्थानीय बाल अधिकार समिति मार्फत गाउँकार्यपालिकालाइ पेश गर्ने ।

८) बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

९) बालबालिकाको संरक्षणको निम्ति अन्य काम गर्ने वा गराउने ।

१०) कोषको आय ब्ययको बिबरण अध्याबधिक गर्ने ।

**ङ)** बालकोष संचालन तथा ब्यबस्थापन समितिले गर्न नहुने कामहरुः संचालक समितिले देहाय बमोजिमका कामहरु गर्न गराउन हुँदैन ।

१) कोषको रकम हिनामिना वा समितिका कुनै सदश्य वा अन्य कुनै ब्यक्तिलाइ लगानि गर्न ।

२) तालिम, गोष्ठि वा अन्य साधारण कार्यक्रममा रकम खर्च गर्न ।

३) आपतकालिन अवस्थामा बालबालिकाको हकहित संरक्षण गर्ने कार्य बाहेक अन्य कार्यमा कोषको रकम खर्च गर्न ।

**च)** संचालन तथा ब्यबस्थापन समितिको बैठकः

१) आपतकालिन अवस्थामा बालबालिकाहरुको संरक्षणका लागि संयोजकले तोकेको मिति,स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ ।

२) संचालक तथा ब्यबस्थापन समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा संचालक समितिको जेष्ठ सदश्यले बैठकको अध्यक्षता गर्नेछ ।

३) संचालक तथा ब्यबस्थापन समितिका निर्णयहरु सहमतिका आधारमा नै हुनेछन र सहमति हुन नसकेमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

४) संचालक समितिको निर्णय संयोजकबाट प्रमाणित गराइ सदश्य सचिबले अध्याबधिक गरि राख्नेछ।

**छ)** खाता संचालनः बालकोषको रकम समितिको निर्णयले गाउँपालिका अन्तरगतको स्थानीय तह विविध कोष खाता अन्तर्गत छुट्टै शिर्षकमा आम्दानी वाँधि सो कोषमा विनियोजित रकम तथा अन्य विभिन्न निकायबाट प्राप्त भएको रकम बालकोष शिर्षकमा जम्मा गरिनेछ र खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाप्रमुख संयुक्त दस्तखतबाट गरिनेछ ।

भागेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बंगरकोट, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

## परिच्छेद ३

### ७. बिबिध

क) बालबालिकाको संरक्षण सुरक्षा, सवलीकरण सशक्तिकरण मुलप्रवाहीकरण मा वार्षिक वजेट मार्फत तोकिएको रकम गाउँपालिकाले बालकोषमा दाखिला गरि कोष मार्फत खर्च गर्न सक्नेछ ।

ख) बालबालिकाकाको संरक्षण, सम्बर्द्धनका लागि बिनियोजित रकम सम्बन्धित शिर्षक मा खर्च नभएमा बालकोषमा दाखिला हुने व्यवस्था गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

ग) खर्च र लेखापरीक्षणः बालबालिकाको समग्र पक्षको विकासको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आय व्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

घ) प्रतिवेदन पेश गर्नुपर्ने : बालबालिकाको क्षेत्रमा गरेका कार्यक्रमहरुको प्रगती प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी गाउँकार्यपालिका र सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, अर्धवार्षिक र वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनु पर्नेछ ।

ङ) गुनासो दर्ता गर्न सक्ने : अनुदानको लागि छनौट भएका बालबालिकाले कार्यक्रम वजेट र योजना वितरण वा अन्य प्रकृया उपर चित्त नवुझेमा निर्णय भएको मितिले ३५ दिन भित्र कार्यपालिकाको महिला बालबालिका तथा जेष्ठ नागरिक शाखामा गुनासो दर्ता गर्न सक्नेछ । कुनै गुनासो प्राप्त भएमा सम्बन्धित शाखाले सो उपर आवश्यक जाँचवुझ गरि निर्णयको लागि समितिको वैठकमा पेश गर्नु पर्नेछ ।

च) कोषको रकम फ्रिज नहुने : यो कोषको रकम खर्च नभइ आर्थिक बर्षको अन्त्य सम्म बाँकि रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

छ) कार्यविधिको संशोधन तथा थपघट गर्न सक्ने : गाउँकार्यपालिकाले कार्यविधिमा संशोधन तथा हेरफेर गर्नु परे आवश्यक ठानेमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

ज) कोष खारेज : कुनै कारण बस कोष संचालन गर्न आवश्यक नदेखिएमा गाउँ कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ र कोष खारेज भएमा कोषको रकम हस्तान्तर सम्बन्धि निर्णय गाउँकार्यपालिकाको बैठकबाट हुनेछ ।

**आज्ञाले**

लक्ष्मी दत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका, डडेल्धुरा